# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नम्बर : ९७२

मिति २०७७।०८।१६

बिषयः सूचना टाँस गरिदिने सम्बन्धमा

श्री वडा कार्यालय सबै,
मालारानी गाउँपालिका, अर्घाखाँची ।

प्रस्तुत बिषयमा यस गाउँ कार्यपालिकाको कार्यालयबाट लोकल कुखुरा पालेका कृषक/ व्यवशायीहरुलाई अनुदान रकम उपलब्ध गराउने प्रयोजनको लागि आवेदन पेश गर्ने सम्बन्धिको मिति २०७७।०८। १५ गते प्रकाशित सूचना थान १ यसैपत्र साथ संलग्न राखि पठाईएको छ । उक्त सूचना त्यस कार्यालयको सूचना पाटीमा टाँस गरि यस कार्यालयमा जानकारी पठाईदिनुहुन अनुरोध छ

(नेत्र प्रसाद खनाल )
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

१. श्री सूचना प्रबिधि शाखाः सूचना वेवसाईटमा अपलोड गरिदिनुहुन ।
२. श्री दर्ता शाखाः सूचना कार्यालयको सूचना पाटिमा टाँस गरिदिनुहुन ।

Email : malaraniruralmun@gmail.com Website: www.malaranimun.gov.np

# मालारानी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नम्बर :

मिति : २०७७।०८।१६


सूचना प्रकाशितः २०७७।०८।१६
म्याद समाप्त हुने मितिः २०७७।०८।३० गते

**लोकल कुखुरापालक कृषक/ व्यबशायीहरुलाई अनुदान उपलब्ध गराउने प्रयोजनको लागि आवेदन पेश गर्ने सम्बन्धीको १५ दिने सार्वजनिक सूचना ।**

यस मालारानी गाउँपालिका अन्तर्गत सञ्चालित मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७७।७८ को लागि स्वीकृत बार्षिक कार्यक्रम अनुसार न्यूनतम १०० वटा भन्दा बढि लोकल कुखुरा पालेका कृषक/ व्यवशायीहरुलाई अनुदान रकम उपलब्ध गराउने प्रयोजनको लागि तपशिल बमोजिमका कागजात सहित आवेदन पेश गर्नको लागि लोकल कुखुरा पालेका कृषक/ व्यवशायीहरुलाई यो १५ दिने सूचना प्रकाशन गरिएको छ ।

तपशिलः

आवेदन पत्रसाथ संलग्न हुनुपर्ने कागजातहरुः

१. लोकल कुखुरा पालेको खोर र कुखुराहरुको तस्विर देखिने रंगिन फोटो थान १
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी थान १
३. सम्बन्धित वडाले कुखुराको संख्या उल्लेख गरि अनुदानका लागि सिफारिस गरेको पत्र थान १
४. लोकल कुखुरापालनको लागि तयार गरिएको संक्षिप्त कार्ययोजना ।
५. आवेदकले अनुदान माग गर्ने निवेदनमा पालिरहेका कुखुराको संख्या दावि गरेको हुनुपर्ने छ ।

*पुनश्चः म्याद नाघी आउने आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।*

प्रमुख प्रशासकीय अधिकृत
मालारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय , खनदह अर्घाखाँची